**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. २**

**माननीय न्यायाधीश श्री तेजबहादुर कार्की**

**माननीय न्यायाधीश श्री सुभाष पौडेल**

**फैसला**

**मुद्दाः- चेक अनादर।**

**मुद्दा नं. 075-CP-0018**

**नि.नं. २९४**

| | |
|---|---|
| स्याङ्जा जिल्ला, साविक आरुचौर गा.वि.स. , वडा नं. ४ को हाल अर्जुनचौपारी गाउँपालिका, वडा नं. ५ को कास्की जिल्ला, पोखरा महानगरपालिका , वडा नं. १७ घर भै ऐ.ऐ. वडा नं. ६ डिहीकोपाटन बस्ने बलभद्रको नाती विष्णु पौडेलको छोरा केदारनाथ पौडेल.......................................................................१ | पुनरावेदक प्रतिवादी |

**विरुद्ध**

| | |
|---|---|
| चितवन जिल्ला, साविक दिव्यनगर गा.वि.स. , वडा नं. ८ घर भै हाल कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ११ , फूलबारी बस्ने नन्दलाल कडेलको नातिनी, शंकर कडेलकी छोरी लक्ष्मी कडेल...............................................१ | प्रत्यर्थी वादी |

**सुरु फैसला गर्ने अदालतः-** श्री कास्की जिल्ला अदालत

**सुरु फैसला गर्ने न्यायाधीशः-** श्री योगेन्द्र प्रसाद साह

**सुरु फैसला मितिः-**२०७५।१।११

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

**१. फिराद माग दावीः-**

म फिरादी र विपक्षी प्रतिवादी बीच व्यवसायिक रोजगारीको कारण पोखरामा आई बसोबास गर्ने क्रममा चिनजान भई हामीहरुबीच सरसापटसमेत हुने गर्दथ्यो। यसै क्रममा प्रतिवादीले

व्यापार व्यवसाय गर्नको लागि भनेर मसँग रु.२१,०५,०००।- (एक्काइस लाख पाँच हजार) मागेकोले मैले सो रकम नगदै दिएको थिएँ। पछि मलाई रकम आवश्यक परी सो नगद फिर्ता माग्दा प्रतिवादीले निजको नाउँको सिद्धार्थ बैंकको खाता नं. ००१०२१७२६२०, चेक नं. ००१००८७५०११८०१ बाट मिति २०७१ ।११।५ गते भुक्तानी पाउने गरी रु.२१,०५,०००।- को चेक काटिदिनुभएको थियो। तर उक्त चेक सटहीको लागि बैंक समक्ष प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको भनी चेक अनादर भई फिर्ता भएको र सो सम्बन्धमा प्रतिवादीलाई जानकारी गराउँदा पछि रकम जम्मा गरिदिन्छु भने पनि खातामा रकम जम्मा नगरिदिने र सो वापतमा नगदसमेत नदिने गरी उक्त रकम फिर्ता गर्न आलटल गरि आएको हुँदा मबाट प्रतिवादीले लगेको रकम वापतको चेकमा उल्लेखित रकम र सो चेक काटिएको मितिदेखि भरिभराउँ हुँदाको मितिसम्मको ब्याजसमेत दिलाई भराई विपक्षीलाई सजाय समेत गरिपाउँ भन्ने मिति २०७४।५।२७ को फिराद मागदावी।

**२. प्रतिउत्तर पत्रः-**

मबाट फिरादी वादीले फिरादपत्रमा उल्लेख गरेको चेक लगेकोमा पछि उक्त चेक वापतको रकम रु. २१ लाख ५ पाँच हजार रुपियाँ नगदै फिर्ता लगेकी हुन्। तर चेक मलाई फिर्ता नगरेको अवस्था हो। पछि पनि विभिन्न चेकहरु निजसँग लेनदेन भैरहेको छ। यो चेक कसरी निजले पेश गरिन् थाहा भएन। मैले विपक्षीलाई रुपैयाँ तिर्न बुझाउन छैन। निज वादीले नगद लगिसकेकी छन् भने मेरो उक्त खाता हाल सञ्चालनमा पनि छैन। विनिमेय अधिकार ऐन अन्तर्गत मुद्दा दर्ता गर्नको लागि उक्त चेक ३ पटकसम्म अनादर हुनुपर्नेमा सो समेत भएको छैन। एउटा बैंकको चेक अर्को कुमारी बैंकमा सटही गर्न गई सोही बैंकले चेक फिर्ता गरेको आधारमा दायर गरिएको फिराद मागदावी झुट्टा भएको हुँदा फुर्सद दिलाई पाऊँ भन्ने मिति २०७४।८।२४ को प्रतिवादी केदारनाथ पौडेलको प्रतिउत्तरपत्र।

**३. मिसिल संलग्न कागजातहरुः-**

- शुरु अदालतका आदेशानुसार वादीबाट वादी दावीको सक्कल चेक पेश भई शुरु मिसिल संलग्न रहेको।
- कुमारी बैंक लिमिटेडबाट फिरादपत्रमा उल्लेखित चेक सटही (समासोधन)को लागि ३ पटकसम्म पेश भएकोमा रकम अपर्याप्त भई फिर्ता भएको भन्ने व्यहोराको पत्र शुरु मिसिल सामेल रहेको।

**४. सुरु अदातलबाट भएको फैसलाः-**

वादीले भुक्तानीको लागि पेश गरेको चेक खातामा मौज्दात नरहेको भनी सिदार्थ बैंकले तीन पटकसम्म फिर्ता भएको भनी कुमारी बैंकको जवाफबाट देखिएकोले प्रतिवादीले चेक अनादर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीलाई रु.१ ,०००।- (एक हजार) जरिवाना हुने ठहर्छ।साथै चेकको रकम भुक्तानी भएको नदेखिंदा वादीले सो रकम रु २१,०५,०००।- र

चेक दिएको मितिबाट सयकडा १० % ले हुने ब्याजसमेत प्रतिवादीबाट भरी पाउने ठहर्छ भन्नेसमेत बेहोराको सुरु कास्की जिल्ला अदालतको मिति २०७५।१।११ मा भएको फैसला।

५. <u>पुनरावेदन पत्रः-</u>

सुरु फैसलामा चित्त बुझेन। विपक्षी र मेरा विचमा पटक पटक लेनदेन भई रहने हुनाले मैले यो दावीको चेक भन्दा अन्य चेक फिरादीलाई दिने र निजवाट समेत चेक लिने गरेको अबस्था हो। शुरु जिल्ला अदालतबाट साक्षीको वकपत्र गराएको र मुद्धाको मेलमिलापको लागि अबसर दिएको भए अथवा पक्षलाई ईजलास समक्ष उपस्थित गराएर छलफल गर्ने मौका मात्र प्रदान गरेको भए के कति रकम लिन दिन पर्ने हो एकिन हुन्थ्यो। सो अवसर प्रदान नगरी आवश्यक प्रमाण नबुझी गरेको फैसला बदर गरी न्याय पाउँ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी केदारनाथ पौडेलको मिति २०७५।५।५ को पुनरावेदन पत्र।

६. <u>यस अदालतको आदेशः-</u>

पुनरावेदक प्रतिवादीले प्रतिउत्तर पत्रमा पेश गर्दा चेक वमोजिमको रकम दिई सकेको भनी प्रतिउत्तर पेश गरेको परिप्रेक्ष्यमा प्रतिउत्तर जिकिर अनुसार प्रमाण बुझी दावी रकम दिए नदिए सम्वन्धमा एकिन नगरी शुरु कास्की जिल्ला अदालतबाट भएको मिति २०७५।१।११ को फैसला प्रमाण मुल्याङकनको रोहमा विचारणीय देखिंदा विपक्षी झिकाई आए वा अवधि नाघेपछि पेस गर्नू भन्नेसमेत मिति २०७५।८।२५ को संयुक्त इजलासको आदेश।

७. <u>लिखत भरपाईः-</u>

रु.२१०५००।— दिएको चेक बमोजिमको रकम एकमुष्ठ रुपमा पुनरावेदक प्रतिवादी केदारनाथ पौडेलवाट नगदै बुझि लिएँ भनी प्रत्यर्थी वादीले मिति २०७६।१।१० मा गरी दिएको भरपाई को पिठमा मिति २०७६।१।२४ गते सनाखत गरेको लिखत मिसिलमा सामेल रहेको।

## <u>ठहर खण्ड</u>

८. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचिमा समावेश भई निर्णयार्थ इजालस समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मबाट व्यापार व्यवसाय गर्न भनी प्रतिवादीले नगदैं रु २१,०५,०००।- सापटी लिनुभएको थियो। सापटी दिएको रकम फिर्ता माग्दा प्रतिवादीले निजको नामको सिद्धार्थ बैंकको खाता नं. ००१०२१७२६२०, चेक नं. ००१००८७५०११८०१ बाट मिति २०७१।११।५ गते भुक्तानी पाउने गरी रु २१,०५,०००।- को चेक काटी दिनु भएको थियो। उक्त चेक सटहीको लागि बैंक समक्ष

प्रस्तुत गर्दा खातामा पर्याप्त रकम नभएको भनी चेक अनादर भई फिर्ता भएको र सो सम्बन्धमा प्रतिवादीलाई जानकारी गराउँदा समेत आलटाल गरेकोले चेकमा उल्लेखित रकमको साँवा व्याज दिलाई भराई हदैसम्म सजाय समेत गरिपाऊँ भन्ने फिराद परेकोमा मबाट वादीले उल्लेखित चेक लगेकोमा पछि उक्त चेक वापतको रकम रु २१,०५,०००।- नगदै फिर्ता लगेको तर चेक मलाई फिर्ता नगरकी हुन्। मैले वादीलाई तिर्न बुझाउन बाँकी छैन। झुट्ठा फिरादबाट फुर्सद पाऊँ भन्ने प्रतिउत्तर परेको देखिन्छ। वादीले भुक्तानीको लागि पेश गरेको चेक खातामा मौज्दात नरहेको भनी सिद्धार्थ बैंकबाट तीन पटकसम्म फिर्ता भएको भन्ने कुमारी बैंकको जवाफबाट देखिएकोले प्रतिवादीले चेक अनादर गरेको ठहर्छ। वादीले चेक बमोजिमको रकमको साँवा र १० % व्याज भरी पाउने र प्रतिवादीलाई रु १०००।- जरिवाना हुने ठहर्छ भन्ने सुरु अदालतबाट भएको फैसला चित्त नबुझाई प्रतिवादीको प्रस्तुत पुनरावेदन पर्न आएको देखिन्छ।

**९.** पुनरावेदक प्रतिवादी केदार पौडेलको वारेश सुमित्रा भण्डारीबाट प्रत्यर्थी वादी लक्ष्मी कडेलले आफूले शुरु कास्की जिल्ला अदालतबाट चेक अनादार मुद्दामा मिति २०७५।१।११ मा फैसला बमोजिम पाउनु पर्ने रकम मध्ये रु २१,०५,०००।- (अक्षरमा एक्कासइस लाख पाँच हजार) मिति २०७६।१।१० मा आफ्नो राजी खुशीले बुझी पछि उक्त रकम पाइन भनी कहिकतै उजुरबाजुर गर्ने छैन भनी भरपाई समेत गरी उक्त सक्कल भरपाई अदालतमा सनाखत गरेको समेत देखिंदा शुरु कास्की जिल्ला अदालतबाट मिति २०७५।१।११ मा भएको फैसला उल्टी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल-खण्ड</u>

माथि इन्साफ खण्डमा लेखिए वमोजिम शुरु कास्की जिल्ला अदालतबाट मिति २०७५।१।११ मा भएको फैसला उल्टि भएकोले सो फैसलाको तपशिल खण्डको प्रकरण १ मा उल्लेखित साँवा व्याज भराईदिनु भन्ने लगत कट्टा गरिदिनु भनी र पुनरावेदक प्रतिवादी केदारनाथ पौडेललाई लागेको जरिवाना रु १,०००।—लगत अब कायम नरहने हुँदा लगत कट्टा गरी दिनु भनी शुरु कास्की जिल्ला अदालतको तहसिल शाखामा लेखी पठाई दिनु.....१

सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनु ........................................................२

प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गर्नु........................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु....................................................................................................४

**(सुभाष पौडेल )**

**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(तेजबहादुर कार्की)**

**न्यायाधीश**

इजलास अधिकृतः मोहन रायमाझी

कम्प्युटर अपरेटरः केशव पौडेल

इति सम्वत २०७६ साल बैशाख २४ गते रोज ३ शुभम्.................................।